


# CIM

## FACTS Newsletter

Issue 10
Magh 2078

Sahid Marg, Biratnagar-02

021-515712

cim.biratnagar@gmail.com

# सम्पादकीय

पौष २२ गते विहार जोगवनी फारवीसगंज सडकखण्डको चार किलोमिटर दक्षिणमा पर्ने मीरगंज पुल भासिन गएको कारण उक्त सडक मार्फत आवत जावतमा रोक लगाई दिँदा उद्योगी/व्यवसायीले ११६ किलोमिटरको अतिरिक्त यात्रा तय गरी भीमनगर भान्टावारी मार्गबाट औद्योगिक वस्तु आयात निर्यात गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

अत्यन्त जीर्ण अवस्थामा रहेको उक्त पुलको कारण यसअघि समेत पटक पटक समस्या भोग्दै आएका उद्योगी/व्यवसायीले सो पुलको नयाँ विकल्पका लागि भारत सरकार समक्ष पहल गर्न विगत लामो समय देखि नेपाल सरकार समक्ष अनुरोध गर्दै आएतापनि समस्या समाधान हुन नसक्दा प्रत्येक वर्ष यस क्षेत्रका उद्योगी/व्यवसायीले ढुवानीको थप भाडा र डिटेन्सन चार्ज तिर्नुपरिरहेको छ भने विराटनगर भन्सार कार्यालयको राजश्व संकलनमा समेत उल्लेख्य गिरावट आएको छ ।

भारत लगायत तेश्रो मुलुकसँग आयात निर्यातका लागि जीवनरेखाका रुपमा रहेको उक्त मार्गमा बारम्बार अवरोध सिर्जना भई आर्थिक गतिविधिमा परेको नकारात्मक प्रभावलाई मध्यनजर गरी मीरगंज पुलको विकल्पका रुपमा निर्माणको अन्तिम चरणमा पुगेको नयाँ पुलको बाँकी रहेको काम अविलम्व पुरा गरी संचालनमा ल्याउन नेपाल सरकारले भारत सरकार समक्ष ठोस कूटनीतिक पहल गर्नुपर्दछ ।






## Current Economic and Financial Situation of Nepal

Based on Six Months' Data Ending Mid-January, 2021/22

| | |
|---|---|
| **51.1%** Import Growth | **95.5%** Export Growth |
| **5.5%** Decrease in Remittance (in NPR Terms) | **5.7%** CPI-based Inflation |
| **Rs. 506.70 Billion** Federal Government's Expenditure | **Rs. 241.23 Billion** Balance of Payment (Deficit) |
| **USD 9.89 Billion** Federal Government's Expenditure | **Rs. 542.05 Billion** Revenue Collection |

Source: Nepal Rastra Bank 2022




## वैकल्पिक मार्ग संचालनका लागि भएको पहल



### २०७८ पौष २२ गते

भारतको जोगवनी-फारवीसगंज सडकमा पर्ने मीरगंज पुल भासिन गई बाटो अवरुद्ध ।

### २०७८ पौष २२ गते देखि ३ दिनसम्म

आयात निर्यात पूर्ण रुपमा ठप्प ।

### २०७८ पौष २३ गते

उद्योग संगठन मोरङ लगायत यस क्षेत्रका उद्योग व्यवसायीहरुको प्रतिनिधि मण्डलको मीरगंज पुलको निरीक्षण पश्चात् आवागमन संचालन गर्न विकल्प प्रस्तुत ।

# प्रस्तावित विकल्प



भारत सरकार समक्ष पहल गरी करिव २५ किलोमिटर पूर्व तर्फ डाईभर्ट गरी कुर्साकाटाबाट नेपाली कार्गो तथा लरीहरु विराटनगरसम्म संचालन गर्ने व्यवस्था ।

भारतीय प्रशासनको अनुमतिमा अमाहीवेला-सिनुवारी-साहेवगंज-वथनाह सडकमार्ग हुँदै विराटनगर सम्म ढुवानीका साधन चलाउन पहल ।

२०७४ सालमा मीरगंज पुल भत्किदा संचालनमा ल्याईएको भीमनगर-भण्टावारी सडक मार्गबाट रिरुट गरी सवारी आवागमनको व्यवस्था ।

मिरगंजको पुरानो पुलसँगै बनिरहेको नयाँ पुलको माटो फिलिङ, रिटेनिङ वाल लगायतका काम वारफुटिङमा सम्पन्न गरी नयाँ पुल संचालनमा ल्याउन आवश्यक पहल ।

# वर्तमान समयमा उद्योगी/व्यवसायीको समस्या

भीमनगर भन्टावारी रिरुट गरी आयात गर्दा करिव ११६ किलोमिटर घुमेर आउनु पर्ने वाध्यता ।


प्रति सवारी साधन करिव १५ देखि २० हजार सम्म थप ढुवानी खर्च ।

दिनको एकपटक मात्र एस्कर्टिङ गरी ढुवानीका साधन विराटनगर ल्याउँदा निर्धारित समय भन्दा वढी समय लाग्ने गरेको ।

डिटेन्सनका कारण नीजि क्षेत्रले थप अतिरिक्त रकम व्ययभार वहन गर्नु परेको ।

विराटनगर नाका परिवर्तन गरी काकडभिट्टा, वीरगंज र भैरहवा रिरुट गर्न वाध्य ।

उद्योगी/व्यवसायीहरु अतिरिक्त समय र खर्च वहन गर्न वाध्य ।



# Current Scenario at Biratnagar Entry Point (Jan 6 to Feb 12, 2022)

## Targeted Revenue and Loss in Biratnagar Entry Point

**NRs. 14 Crores**
Targeted Daily Revenue Collection

**NRs. 7 Crores**
Actual Daily Revenue Collection



**NRs. 7 Crores**
Daily Loss in Revenue

**NRs. 2 Arba 59 Crores**
Total Loss in Revenue (in 37 days)

## Number of Transport Units Entering Biratnagar Entry Point



**300** Units
Previously through Mirganj Route



**200** Units
Currently through Bhimnagar Bhantawari Re-route

## Additional Transport Cost Burden to Industrialists/Businesses



**NRs. 20,000**
Additional Transport Cost per truck


**NRs. 40 Lakhs per day**
Additional Transport Cost per day (for 200 trucks)

**NRs. 14 Crores 48 Lakhs**
Additional Transport Cost (Total in 37 days)


Source: CIM Field Visit, Observation and Interactions (2022)

# Monthly Target and Progress in Tax Collection of Biratnagar Customs Office


## F.Y. 2077/78




## F.Y. 2078/79





# Comparison of FY 2078/79 from FY 2077/78





Source: Annual Progress Report 2077/78, Customs Department

# % Share of Biratnagar Customs Office in Total Tax Collected




# Tax Collected from Biratnagar Customs Office

*(FY 2073/74 to FY 2077/78) (NRs. in '000)*




Source: FACTS calculations based on data from Annual Progress Report 2077/78, Customs Department

# Monthly Trade Analysis: Biratnagar Customs Office (NRs. in '000)


| Month | FY 2078/79 | | | | |
|---|---|---|---|---|---|
| | Import (NRs.) | Export (NRs.) | Total Trade (NRs.) | Import/Export Ratio | Trade Deficit % |
| Shrawan | 18401535 | 5862977 | 24264512 | 3.14 | -68.14 |
| Bhadra | 19798431 | 6099931 | 25898362 | 3.25 | -69.19 |
| Ashwin | 20212746 | 5346471 | 25559217 | 3.78 | -73.55 |
| Kartik | 18773318 | 5205374 | 23978692 | 3.61 | -72.27 |
| Mangsir | 21355454 | 6051497 | 27406951 | 3.53 | -71.66 |
| Poush | 17235677 | 4811592 | 22047270 | 3.58 | -72.08 |
| **Total** | **115777162** | **33377842** | **149155003** | **3.47** | **-71.17** |

| Month | FY 2077/78 | | | | |
|---|---|---|---|---|---|
| | Import (NRs.) | Export (NRs.) | Total Trade (NRs.) | Import/Export Ratio | Trade Deficit % |
| Shrawan | 10548196 | 2361726 | 12909922 | 4.47 | -77.61 |
| Bhadra | 12677380 | 2889257 | 15566637 | 4.39 | -77.21 |
| Ashwin | 13718989 | 2602863 | 16321851 | 5.27 | -81.03 |
| Kartik | 12973113 | 2488368 | 15461481 | 5.21 | -80.82 |
| Mangsir | 14180017 | 2549820 | 16729837 | 5.56 | -82.02 |
| Poush | 16351855 | 2550960 | 18902815 | 6.41 | -84.4 |
| **Total** | **80449548** | **15442995** | **95892543** | **5.21** | **-80.8** |



Source: Customs Department | Picture Credit: spotlightnepal

# Customs Offices under Customs Department by Province




## Customs Office connected with the Indian Border

| SN | Customs Office | District |
|---|---|---|
| 1 | Pashupatinagar Customs Office, Pashupatinagar | Ilam |
| 2 | Mechi Customs Office, Kakadvitta | Jhapa |
| 3 | Bhadrapur Customs Office, Bhadrapur | Jhapa |
| 4 | Biratnagar Customs Office, Rani | Morang |
| 5 | Sunsari Customs Office, Koshi Barrage | Sunsari |
| 6 | Rajbiraj Customs Office, Belahiya | Saptari |
| 7 | Thaandi Customs Office | Siraha |
| 8 | Siraha Customs Office, Madar | Siraha |
| 9 | Janakpur Customs Office, Janakpurdham | Dhanusa |
| 10 | Jaleshwor Customs Office, Bhittamod | Mahottari |
| 11 | Sarlahi Customs Office, Malangawa | Sarlahi |
| 12 | Gaur Customs Office, Gaur | Rautahat |
| 13 | Birgunj Customs Office, Birgunj | Parsa |
| 14 | Dry Port Customs Office, Sirsiya | Parsa |
| 15 | Tribeni Customs Office, Nawalpur | Nawalpur |
| 16 | Maheshpur Customs Office, Parasi | Parasi |
| 17 | Bhairahawa Customs Office, Belahiya | Rupandehi |
| 18 | Suthauli Customs Office | Kapilvastu |
| 19 | Krishnanagar Customs Office | Kapilvastu |
| 20 | Koilabaas Customs Office, Koilabaas | Dang |
| 21 | Nepalgunj Customs Office, Jamunah | Banke |
| 22 | Rajapur Customs Office, Rajapur | Bardiya |
| 23 | Sati Bhansaar Office | Kailali |
| 24 | Kailali Customs Office, Dhangadhi | Kailali |
| 25 | Kanchanpur Customs Office, Gaddachauki | Kanchanpur |
| 26 | Mahakali Customs Office, Jhulaghaat, Baitadi | Baitadi |
| 27 | Darchula Customs Office, Darchula | Darchula |
| 28 | Gautam Buddha International Airport Customs Office | Rupandehi |

## Customs Office connected with the Northern Border

| SN | Customs Office | District |
|---|---|---|
| 1 | Olanchungola Customs Office | Taplejung |
| 2 | Kimathanka Customs Office | Sankhuwasabha |
| 3 | Lamabagar Customs Office | Dolakha |
| 4 | Tatopani Customs Office | Sindhupalchok |
| 5 | Rasuwa Customs Office, Timure | Rasuwa |
| 6 | Larke Customs Office | Gorkha |
| 7 | Mustang Customs Office | Mustang |
| 8 | Mugu Customs Office | Mugu |
| 9 | Yarinaka Customs Office | Humla |

Tribhuwan International Airport Customs Office (Kathmandu)



# Top 5 Exports from Nepal based on CIF Highest Value

FY 2078/79 (Shrawan to Poush)



## Refined Soyabean Oil

267 Duty Rs.

## Refined Palm Oil

258 Duty Rs.

11.22 Million — CIF Value Rs. — 9.84 Million



## Clothes woven from Jute

3.27 Million

CIF Value Rs.

131 Duty Rs.



## Synthetic Yarn

99 Duty Rs.

## Clothes (apart from woolen, cotton or terricotton clothes)



58 Duty Rs.

3.15 Million — CIF Value Rs. — 1.18 Million

Source: Customs Department

CIF: Cost, Insurance and Freight

# Comparison of Fiscal Situation of Nepal

## Inflation

**Y-O-Y Consumer Price Inflation (Percent)**

| Particulars | Dec/Jan 2020 | Nov/Dec 2021 | Dec/Jan 2021 |
|---|---|---|---|
| *Overall Inflation* | *3.56* | *7.11* | *5.65* |
| *Food and Beverage* | *4.27* | *5.67* | *4.92* |
| *Non-food and Service* | *2.99* | *8.25* | *6.23* |

## Exchange Rate


*Rs. In million*

| Particulars | Mid-Jul 2021 | Mid-Jan 2022 | Difference(%) |
|---|---|---|---|
| *Gross Foreign Exchange Reserve* | *1,399,025.3* | *1,165,798.2* | *-16.7* |
| *Convertible* | *1,063,858.3* | *879,798.0* | *-17.3* |
| *Inconvertible* | *335,167.0* | *286,000.2* | *-14.7* |


## Fiscal Situation

*Rs. In billion*

### Government Revenue
(Six Months)




### Government Expenditure
(Six Months)




Source: Nepal Rastra Bank, Jan 2022

# अन्तर्वार्ता



श्री नारायण प्रसाद रेग्मी
सह-सचिव
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

**गत पौष २२ गते मीरगंज पुल भासिन गई ढुवानीका साधन संचालनमा रोक लाईदिदा उद्योगी/व्यवसायीले समस्या भौग्दै आएको छन्, सो समस्याको दीर्घकालिन समाधानका लागि नेपाल सरकारको तर्फबाट के कस्ता कूटनीतिक पहल भईरहेको छ ?**

पुल भासिएको जानकारी पश्चात् मन्त्रालयको तर्फबाट हामी मीरगंज पुलको स्थलगत अध्ययन गर्न पुग्यौं । हामीसँग उद्योगी व्यापारी साथीहरु र भन्सारका कर्मचारीहरु पनि हुनुहुन्थ्यो । भारतीय पदाधिकारीहरु पनि अवलोकन गर्दै हुनुहुन्थ्यो । त्यो स्थलमा एउटा नयाँ पुल बनिरहेको छ । त्यसको निर्माण छिट्टै सम्पन्न भयो भने त्यो बाटो प्रयोग गर्न सकिने अवस्था छ । हामीले भारतीय पक्षसँग पुरानो कुशकान्त (भारत)-रंगोली (नेपाल) सडकलाई प्रयोग गर्ने कि भनेर कुरा गऱ्यौं । तर त्यो बाटोको गुणस्तर र क्षमताको कारण २० Metric tonne भन्दा बढि भारको सवारी साधन त्यसमा चल्न नसक्ने भएकोले त्यहाँको District Magistrate ले त्यो प्रस्तावलाई सहज रुपमा लिनुभएको छैन । अहिले पुरानो बाटो प्रयोग गरेर नै सामानहरु आइरहेका छन् । परराष्ट्र मन्त्रालय मार्फत् भारतीय राजदूतावास हुँदै सम्बन्धित निकायलाई मीरगंज पुलको बाटोलाई छिटो संचालनमा ल्याउन हामीले पहल गरिरहेका छौं । कुशकान्त-रंगेली सडकको लागि पनि पत्र पठाएका छौं ।

**विगत ५ वर्ष देखि मीरगंज पुलको समस्या बारम्बार दोहरिदा समेत ठोस समाधान निस्कन नसक्नुको कारण के होला ?**

मीरगंज पुल भारतले निर्माण गरेको धेरै पुरानो बेइली ब्रिज किसिमको पुल हो । नेपालले पुनर्निमाण गर्न मिल्दैन । नेपाल सरकारले कूटनीतिक पत्राचार र अनुरोध गर्न मिल्छ । भारतले त्यो पुलको सट्टामा नयाँ बाटो - एन. एच. ब्रिज - बनाइरहेको हुँदा मीरगंज पुल पुननिमार्णमा गएन भन्ने कुरा विभिन्न वार्ता र छलफलबाट आएको छ । त्यो नयाँ बाटो सम्पन्न पनि भइसकेको छ । भारतले बिग्रेको पुललाई पनि प्राथमिकतामा राखेको त छ तर अब त्यो नयाँ बाटोलाई चाहिँ जति सक्दो चाँडो संचालनमा ल्याउन कोसिस गर्नुपर्छ । अर्को लक्ष्य भनेको भारतको बथनाहा देखि नेपालको कटहरीसम्म चल्ने रेल हो । त्यसमा पनि कुरा गरिरहेका छौं ।

**यो समस्या समाधान भई विराटनगर जोगवनी नाका मार्फत आयात निर्यात कहिले सम्म सुचारु होला ?**

नाका बन्द छैन । अर्को बाटोबाट सुचारु भइसकेको छ । भन्सार कार्यालय र व्यवसायीले केही अप्ठ्यारो परिस्थितिको सामना गर्नु परेको र त्यसको सोझो असर उपभोक्तालाई पर्न गएको बारेमा हामी सचेत छौं । भारत अनुसार मार्च महिनाको अन्तिमसम्म नयाँ पुल सुचारु हुनेछ । भारत यस बारे सचेत रहेको र उहाँहरुले भारतका निर्माण कम्पनीहरु, स्थानीय निकाय र पदाधिकारीहरुलाई निर्देशन दिइसकेको बताउनुभएको छ । कूटनीतिक तवरले नयाँ पुल र नयाँ बाटो अपरेसनमा ल्याएर जोगवनी भंसारलाई छिटो सुचारु गर्न हामीले विभिन्न चरणमा कुरा गरेका छौं ।

Designed and Compiled by

FACTS
RESEARCH & ANALYTICS
Your Research Partner

# What we do?



Retail Audit Survey
(RAS)



Customized Research



Data Dissemination

www.factsnepal.com | info@factsnepal.com | 01-456-9924

HAVELLS | USHA | MEX

SIEMENS *Ingenuity for Life* | L&T SWITCHGEAR SAFE & SURE | ELECTRA ELECTRIC Enlightening Dreams

OBO BETTERMANN | Crabtree | wipro

A Member Of KTC Group

**Kailash Trading Company Pvt. Ltd.**

*The Electrical People...*

## Corporate Office

College Road, Biratnagar-9, Nepal

+ 977 21 572485 / 486 / 487

## Showroom

Himalaya Road, Biratnagar-9, Nepal

+ 977 21 578194 / 570299 / 515014

Email: info@kailashworld.com | www.kailashworld.com